**आकाशवाणी समाचार- नेपाली**

मितिः ३१ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज मध्य प्रदेशमा लोकमाता देवी अहिल्याबाई होल्करको तीन सय औं जयन्तीको अवसरमा देवी अहिल्याबाई महिला सशक्तीकरण महा सम्मेलनमा भाग लिनुहुनेछ

- केंद्रले काँचो पाम ऑयल, सोयाबीन र सूरजमुखी तेलमा सीमा शुल्क घटाएर 10 प्रतिशत गरेको छ।

- केन्द्र सरकारले राज्य सरकारहरूलाई कर हस्तान्तरणको रूपमा 81 हजार 735 करोड रुपियाँको अतिरिक्त किस्ता स्वीकृत गरेको छ। यो राशि 2 जुन मा जारी गरिनेछ।

- गुजरातका अहमदाबाद, वडोदरा र बनासकांठा लगायत कैयन जिल्लाहरूमा आज सिविल डिफेंस मॉक ड्रिल आयोजित गरिनेछ।
- पंजाबमा ऑपरेशन शील्ड अंतर्गत आज दोस्रो मॉक ड्रिलको आयोजन गरिन्दै छ।

- आईपीएल क्रिकेटमा चंडीगढ़मा एलीमिनेटर ROUND मा मुम्बई इंडियंसले गुजरात टाइटन्सलाई 20 रनले पराजित गरि क्वालीफायर-2 मा स्थान सुन्शिचित गरेको छ।

**प्रधानमंत्री-मध्य प्रदेश**

प्रधानमन्त्री नरेन्द्र मोदी आज मध्य प्रदेशको एक दिने भ्रमणमा रहनुहुनेछ। लोकमाता देवी अहिल्याबाई होल्करको तीन सय औं जयन्तीको अवसरमा, श्री मोदीले भोपालमा लोकमाता देवी अहिल्याबाई महिला सशक्तीकरण महा सम्मेलनमा भाग लिनुहुनेछ र कैयन विकास परियोजनाहरूको उद्धाटन र शिलान्यास गर्नुहुनेछ।श्री मोदीले दतिया र सतना हवाई अड्डको फनि उद्धाटन गर्नुहुनेछ। प्रधानमंत्रीले क्षिप्रा नदीमा ८६० करोड़ रुपये भन्दा बढ़ीको घाट निर्माण कार्यहरुको पनि शिलान्यास गर्नुहुनेछ।

बाईट)

श्री मोदीले इंदौर मेट्रोको येलो लाइनमा यात्री सेवाको पनि उद्धाटन गर्नुहुनेछ। प्रधानमन्त्रीले ४८० करोड रुपियाँभन्दा बढीको एक हजार दुई सय ७१ अटल ग्राम सुशासन भवन निर्माणको लागि पहिलो किस्ता जारी गर्नुहुनेछ।

**अहिल्यादेवी होल्कर**

लोकमाता पुण्यश्वलोका अहिल्यादेवी होल्करको ३०० औं जन्मजयन्तीको अवसरमा आज महाराष्ट्रको अहिल्यानगर जिल्लामा रहेको उहाँको जन्मस्थल चौंडीमा विशेष कार्यक्रम आयोजना गरिएको छ। यस अवसरमा चौंडीमा विभिन्न विकास कार्यहरूको उद्धाटन गरिनेछ। हाम्रा संवाददाता अहिल्यादेवी होल्करको जीवन र कार्यहरूमा विशेष जानकारी दिएका छन्

**साहित्य अकादमी सम्मेलन**

साहित्य अकादेमीले नयाँ दिल्लीस्थित राष्ट्रपति भवन सांस्कृतिक केन्द्रमा श्साहित्यको रूपान्तरणश विषयमा दुई दिने

साहित्यिक सम्मेलनको आयोजना गरेको थियो ।यसमा महिलाहरूको महत्वए साहित्यमा परिवर्तन र भारतीय साहित्यमा नयाँ आयामहरूसँग सम्बन्धित साहित्यसम्बन्धी सत्रहरू आयोजित गरिएको थियो। सम्मेलनमा साहित्यमा महिलाको योगदानए समाजलाई आकार दिन साहित्यको भूमिका र वैश्वीकरणले भारतीय लेखनमा पारेको प्रभावबारे छलफल भएको थियो। सम्मेलनको समापनमा देवी अहिल्याबाई होल्करको जीवनीमा आधारित एक प्रस्तुति प्रस्तुत गरिएको थियो।

**तेलमा सीमा शुल्क**

केंद्रले काचो पाम ऑयल,काचो सोयाबीन तेल र काचो सूरजमुखी तेलमा सीमा शुल्क घाटाएर 10 प्रतिशत कर दिएको छ। खाद्य तेलको खुद्रा मूल्य घटाउने र घरेलु उद्योगलाई प्रोत्साहन गर्ने उद्देश्यले यो कदम चालिएको हो। अर्थ मन्त्रालयले आज एक सूचना जारी गर्दै सो जानकारी दिएको हो। यसअघि यी तीन कच्चा तेलमा २० प्रतिशत सीमासुल्क लाग्दै आएको थियो। भारतले आफ्नो आन्तरिक खाद्य तेलको ५० प्रतिशतभन्दा बढी आयात गर्ने गरेको छ। भारतले सन् २०२३–२४ मा १ करोड ३२ लाख टन बराबरको १ लाख ५९ हजार ६ सय टन खाद्य तेल आयात गरेको थियो। प्रशोधित तेलमा सीमासुल्क ३२.५ प्रतिशत कायम गरको छ।

**वित्त-कर हस्तांतरण**

केन्द्र सरकारले राज्य सरकारहरूलाई कर स्थानान्तरणको रूपमा ८१,७३५ करोड रुपिया अतिरिक्त किस्ता स्वीकृत गरेको छ । यो राशि 2 जूनमा जारी गरिनेछ।अर्थ मन्त्रालयका अनुसार हस्तान्तरणको अतिरिक्त किस्ताले राज्यहरूलाई उनीहरूको पूँजीगत खर्चलाई गति दिन र उनीहरूको विकास र कल्याणकारी खर्चको वित्तपोषण गर्न सक्षम बनाउनेछ।यो ८१ हजार ७ सय ३५ करोड रुपियाँ कर हस्तान्तरणको नियमित मासिक किस्ताको अतिरिक्त होए जो जुन १० मा जारी हुनेछ । मन्त्रालयले भनेको छए श्राज्यहरूलाई स्थानान्तरणको अतिरिक्त किस्ता सहकारी सङ्घीयताको सिद्धान्त र सन् २०४७ सम्ममा श्विकसित भारत३ बन्ने लक्ष्य अनुरूप छ।

**गुजरात-मॉक ड्रिल**

गुजरातका अहमदाबाद, वडोदरा र बनासकांठा लगायत कैयन जिल्लाहरूमा आज सिविल डिफेंस मॉक ड्रिल आयोजित गरिनेछ। यसको उद्देश्य सुरक्षा खतराहरूलाई ध्यानमा राख्दै सिविल डिफेंसको आपतकालीन तयारी बढाउनु र वर्तमान नागरिक रक्षा तन्त्रको परीक्षण गर्नु हो। यसमा ब्ल्याकआउट रिहर्सलए साइरनको आवाजमा नागरिकहरूलाई बाहिर निकाल्ने र आपतकालीन स्थितिमा राहत र उद्धार कार्यहरू सामेल हुनेछन्।

**पंजाब - मक ड्रिल**

पञ्जाबले आज "अपरेशन शिल्ड" अन्तर्गत दोस्रो मक ड्रिल गरिरहेको छ। गृह सुरक्षा निर्देशक, गृह रक्षकका विशेष महानिर्देशक, सञ्जीव कालरा, जो नागरिक रक्षा निर्देशक पनि हुन्, उहाँले गृह मन्त्रालयको दिशानिर्देशहरू पालना गर्दै यस सम्बन्धमा आदेश जारी गर्नुभएको छ। हाम्रो संवाददाताले यो रिपोर्ट दर्ता गरेका छन्:

**तंबाकू निषेध दिवस**

आज विश्व धूम्रपान निषेध दिवस हो। यस दिन तम्बाकू पदार्थको उपयोगको खतराहरूको बारेमा जागरूकता उत्पन्न गराईन्छ। यो दिवस विश्व स्वास्थ्य संगठन द्वारा तम्बाकू पदार्थको उपयोगलाई समाप्त गर्न एक वैश्विक पहल हो।

**न्यूजीलैंड उप प्रधानमंत्री यात्रा**

न्युजील्याण्डका उपप्रधानमन्त्री तथा विदेशमन्त्री विन्स्टन पिटर्सले पहलगाम आतंकवादी हमलाको कडा निन्दा गर्दै र भारतका मानिसहरुसित न्यूजिल्याण्डको एकजुटता व्यक्त गर्नुभएको छ। भारत भ्रमणमा आउनु भएका श्री पिटर्सले हिजो नयाँ दिल्लीमा विदेशमन्त्री एस. जयशंकरसित द्विपक्षीय वार्ता गर्नुभयो। छलफलमा व्यापार र अर्थव्यवस्था, रक्षा र सुरक्षा, परम्परागत

औषधिए खेलए शिक्षा र द्विपक्षीय सम्बन्ध लगायतका विस्तृत मुद्दाहरू सामेल थिए।दुवै पक्षले स्वतन्त्रए खुलाए सुरक्षित र समृद्ध हिंद.प्रशांत क्षेत्र क्षेत्र प्रति साझा प्रतिबद्धता व्यक्त गरेका छन्। विदेश मन्त्रालयले भारत र न्यूजील्याण्ड बीचको मधुर र मैत्रीपूर्ण सम्बन्ध साझा लोकतान्त्रिक मूल्यहरु र विभिन्न क्षेत्रमा बढ्दो सहयोगमा आधारित रहेको बताएको छ।एनसीबीसी-अध्यक्ष रिपोर्टराष्ट्रीय पछौटे वर्ग आयोगले वर्ष २०२२.२३ र २०२३.२४ का लागि आफ्नो वार्षिक रिपोर्ट राष्ट्रपति द्रौपदी मुर्मुलाई सुम्पीएको छ । आयोगका अध्यक्ष हंसराज गंगाराम र सदस्य भुवन भूषण कमलले राष्ट्रपति मुर्मुलाई रिपोर्ट सुम्पीनु भयो।

## मिस वर्ल्ड फिनाले

मिस वर्ल्ड फिनाले २०२५ को फाइनल आज साँझ हैदरावादमा हुने भएको छ । प्रतियोगितामा विश्वभरका १०८ प्रतिस्पर्धीले भाग लिएका थिए । ग्राण्ड फिनालेमा बलिउड स्टारहरुको प्रस्तुति आकर्षणको केन्द्र बन्नेछ । यसमा अभिनेता सोनू सूदलाई मिस वर्ल्ड ह्यूमैनिटेरियन अवार्डले सम्मानित गरिनेछ। सोनु सूद पनि जुरीमा समावेश छन् । सेमिफाइनलमा पुग्ने १० प्रतिस्पर्धीमध्येबाट ५ जना सुन्दरी फाइनलका लागि छनोट हुनेछन् । यी फाइनलिस्टहरुले अन्तिम प्रश्नको सामना गर्नुपर्नेछ । सर्वश्रेष्ट उत्तर दिने फिनालिस्टलाई नयाँ मिस वर्ल्डको रूपमा चयन गरिनेछ जसलाई चेक रिपब्लिककी निवर्तमान मिस वर्ल्ड क्रिस्टिना पिस्कोभाले ताज लगाउनेछिन्।

## विदेशी मुद्रा भंडार

भारतको विदेशी मुद्रा भंडार 23 मईमा समाप्त भएर सप्ताहमा 6 अरब 90 करोड डॉलर भन्दा अधिक बढ़र छह खरब 92 अरब 70 करोड डॉलर भयको छ। भारतीय रिजर्व बैंकको आंकडा अनुसार,बितेको सप्ताह विदेशी मुद्रा परिसंपत्ति चार अरब पचास करोड डॉलर बढ़र पांच खरब 86 अरब डॉलर भन्दा अधिक भएको छ। स्वर्ण भंडार मा दुई अरब तीस करोड डॉलर भन्दा अधिक बढकर 83 अरब 58 करोड डॉलर भएको छ। यसै बीच, विशेष आहरण अधिकार आठ करोड दस लाख डॉलर बढ़र 18 अरब 57 करोड डॉलर भन्दा अधिक भएको छ । अंतर्राष्ट्रीय मुद्रा कोषमा केंद्रीय बैंकको स्थिति पनि तीन करोड़ डॉलर बढ़र चार अरब 40 करोड डॉलर भएको छ।